# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## दिपायल सिलगढी नगरपालिका

## डोटी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३६२

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
दिपायल सिलगढी नगरपालिका,
डोटी ।

**कैफियत सहितको राय**

हामीले दिपायल सिलगढी **नगरपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.१ करोड ३८ लाख ६२ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.४ लाख ३४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८१ लाख ४४ हजार, नियमित गर्नुपर्ने रु.४१ लाख ८९ हजार र पेश्की रु.१० लाख ९५ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.२ करोड १ लाख ८१ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.२ करोड ६६ लाख ७५ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको,असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# दिपायल सिलगढि नगरपालिका, डोटी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६२ | १८ | १३८६२ | ० | ० | ० | ६२ | १८ | १३८६२ | ४३४ | ४१८९ | ८१४४ | ० | ० | १२३३३ | १०९५ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| २०१८१ | 0 | ७३६८ | १२८१३ | 0 | १३८६२ | २६६७५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : दिपायल सिलगढी नगरपालिका, डोटी , दिपायल सिलगडी नगरपालीका , डोटी

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Khem Raj Gurung | २०७७-४-१ | |
| कार्यालय प्रमुख | Chhatra Bahadur Shah | २०७८-११-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भक्त राज भट्ट | २०७७-१२-२५ | |
| लेखा प्रमुख | Narendra Singh Badal | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १३,८६२,२०१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७,७५,५६,०३४.९९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४०,२८,१६,८८३ | चालु खर्च | ३१,६९,४८,८६९.३४ |
| प्रदेश सरकारबाट अनुदान | २,८२,८९,५९० | पूँजीगत खर्च | १५,६९,३५,९३०.९ |
| राजश्व बाँडफाँट | ८,६७,३२,१७०.५३ | वित्तीय/अन्य व्यवस्था | १६,९६,६४,६५३.३४ |
| आन्तरिक आय | १,११,५६,०४९.९७ | | |
| अन्य आय | १२,९०,५१,१५९ | | |
| कुल आय | ६५,८०,४५,८५२.५ | कुल खर्च | ६४,३५,४९,४५३.५८ |
| बाँकी मौज्दात | | ९,२०,५२,४३३.९१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **वित्तीय विवरण**<br>**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस दिपायल सिलगढी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अन्तर्गत ९ वडा, 8 सभा सदस्य ७३.१२ वर्ग कि.मी. क्षेत्रफल, ३२९४१ जनसंख्या र सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७8/6/21 मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्<br>नीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने र दफा ६९ मा तोकीएअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) अनुसार नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार लेखाङ्कन गरेको पाईएन । ऐनले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **बैंक हिसाब मिलान नगरेको**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको धरौटी खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण बैंकमा रु.35,76,021.59 र श्रेस्तामा मौज्दात रु.३६,२३,१२१.59 रही रु.46,100 फरक परेको छ । यस सम्बन्धमा पालिकाले विगतमा वि .एस.कन्ष्ट्रक्सन निर्माण व्यवसायी लाई धरौटी फिर्ता दिँदा बढी फिर्ता भएको जवाफ दिएको छ । नियमानुसार वढी भुक्तानी भएको धरौटी फिर्ता गरी बैंक हिसाव मिलान गर्नुपर्ने रु. | ४७,१०० |
| | | | | |

| ३ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>· पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>· वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· मुल्य अभिवृद्धि कर नियमावली २053 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>· कार्यालयले उद्धेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>· कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74 (2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । | |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | · संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **बरबुझारथ**<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको बुँदा १७ मा गाउँ वा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ५ | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था रहेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ६ | | | **बजेट पेश पारित र अख्तियारी** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहका उप प्रमुख श्री शिवराज खड्काले मिति २०७7।३।१० गते ५0 करोड ३9 लाख 96 हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।30मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले 2076/04/08मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७ | | | **बजेट सिमा निर्धारण समिती**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९ | | | **गत बर्षको दायित्व**<br>382/077/10/24 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,, २०77 को नियम 39(13) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय बाट श्रावण 7 गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले गत बर्षको वडा बैठक भत्ता बापत सम्पुर्ण वडाहरुलाई न्यूनतम १ देखि 24 बैठक सम्मको भत्ता रू.11,77,000 प्रमाणित भुक्तानी दिन बाँकीको बिवरण बेगर कार्यपालिकाको निर्णयले यो बर्ष भुक्तानी गरेको छ । आर्थिक वर्ष २०७7।७8 को बजेटमा गत बर्षको भुक्तानी गर्न छुट्टै बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । नगरपालिकाको आर्थिक कार्यविधि ऐन तथा नियमावली नरहेको र नेपाल सरकारको आर्थिक कार्यविधि नियमावलीमा बैठक भत्ताको दायित्व सिर्जना | १,१७७,००० |

गर्न मिल्ने व्यवस्था छैन । तर पालिकाले जनप्रतिनिधिको बैठक भत्ता भुक्तानी गर्न बाँकी रहेकोले कार्यपलिकाको निर्णयले यस बर्षको स्वीकृत बजेटबाट भुक्तानी गरेको जवाफ दिएको छ । तर कानूनी व्यवस्था बेगर यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.

१०

**चौमासिक खर्च**

नगरपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः

| **क्र.स.स** | **बजेट उपशिर्षक** | **कुलखर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** |
| १ | चालु खर्चतर्फ | 316948869.34 | 78421193.95 | 70228518.17 | 168299157.22 | 116501822.93 |
| २ | पूँजिगत खर्चतर्फ | 156935930.9 | 12129247 | 32972106.90 | 111834577 | 74472142 |
| | जम्मा | 473884800.24 | 90550440.95 | 103200625.07 | 280133734 | 190973964.93 |
| | **प्रतिशत** | | **14.79** | **16.85** | **45.75** | **31.19** |

नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक ४७ करोड 38 लाख 84 हजार निकासा भएकोमा प्रथम चौमासिकमा 9 करोड 5 लाख 50 हजार अर्थात 14.79 प्रतिशत, दोश्रो चौमासिकमा 10 करोड 32 लाख ,अर्थात 16.85 प्रतिशत र तेश्रो चौमासिकमा 28 करोड 1 लाख 33 हजार,अर्थात 45.75 प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र १9 करोड 9 लाख 73 हजार अर्थात 31.19 प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

११

**क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७7।७8 को श्रेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 60102540 | 38387034 | 8.10 प्रतिशत |
| २ | पूर्वाधार विकास | 83443000 | 51313514.90 | 10.82 प्रतिशत |
| ३ | सामाजिक विकास | 339028988 | 277479999.91 | 58.55 प्रतिशत |
| ४ | बातावरण तथा विकास | 6851000 | 5326788 | 1.13 प्रतिशत |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 9406000 | 7729203 | 1.64 प्रतिशत |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 113378357 | 93648260.43 | 19.76 प्रतिशत |
| **जम्मा** | | **612209885** | **473884800.24** | १०० प्रतिशत |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५8.55 प्रतिशत र सबै भन्दा कम वातवरण तथा विकासमा १.13 प्रतिशत भन्दा कम खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका लक्ष्यहको संकेतिकरणको आधारमा बजेट कोडिङको व्यवस्था गरी बजेट व्यवस्थापनलाई सन्तुलित र आवधिक योजना सँग आबद्ध गर्नुपर्दछ ।

१२ **खर्च विश्लेषण**

नगरपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. १,२3,59,549।००, राजस्व बाँडफाँड र अनुदानबाट रु.33,09,65,090.94।०० समेत कूल रु.34,33,24,640.91।०० आम्दानी भएकोमा चालुतर्फ रु.31,69,48,869.34।00र पूँजिगततर्फ रु.1,56,93,5930.90।00 समेत रु.47,38,84,800.24।०० खर्च गरेको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा 2.6प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु.90,00,000।००खर्च भएको छ जुन आन्तरिक आयको 137 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 92 प्रतिशत चालु र 45प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१३ **लक्ष्य प्रगति**

कार्यालयले चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा यस बर्ष सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरीयका 944 योजनाको नियम बमोजिम तोकिएको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कर्मचारीहरुलाई जिम्मेवार बनाउनु पर्दछ ।

रु हजारमा

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५% भन्दा माथि प्रगति |
| मुल कार्यक्रम संख्या | 60 | 7 | 2 | 3 | 3 | 45 |
| सहायक कार्यक्रम संख्या | 326 | 33 | 6 | 6 | 8 | 273 |
| रकम | ३८६ | ४० | ८ | ९ | ११ | ३१८ |

१४

**प्रशासकिय संगठन र कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित 92 दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म 72 जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, शिक्षा अधिकृत नवौ/दशौं, इन्जीनियर, जनस्वास्थ्य अधिकृत, आन्तरीक लेखापरीक सहित 20 पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशाक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१५

**कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले दिएको विवरण अनुसार विभिन्न पदमा 103 जना कर्मचारीहरु करारमा राखि रू.1 करोड 5 लाख 29 हजार खर्च लेखेको छ ।

| | | | | |
|---|---|---|---|---|
| | | | त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । मन्त्रिस्तरीय मिति 2075/10/8 को निर्णयानुसार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको (स्थानीय तह कर्मचारी प्रशासन शाखा) च.नं 3079 मिति 2075/10/09 को पत्रानुसार उक्त दफा विपरित करारका कर्मचारी राखी खर्च लेखेको भएमा उक्त रकम भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको सिभिल ईन्जिनीयर, कानुनी सल्लाहकार, सव-ईन्जिनियर, अमिन, प्रशासक लाईव्रेरियन र कम्प्युटर अपरेटर लगायतका 30 पदमा नियुक्त गरी रु.6996977 खर्च लेखेकोले देखिन्छ । | |
| १६ | | | **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका ९ वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । यस पालिकामा वडासचिवको दरबन्दी रिक्त रहेको छैन ।<br>वडा संख्या: ९; वड सचिवको दरबन्दी: ९; वडा सचिवको पदपूर्ति: ९; रिक्त वडा सचिव: ० | |
| १८ | | | **सेवा प्रवाह स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ४ वटा नियमावली, ७ बटा कार्यबिधि र ६ वटा निर्देशिका/नीति स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

Table in row १७:

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | ९ | ० |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | 12 |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | 2319 |
| मृत्युदर्ता | 367 |
| बसाईसराई दर्ता | 219 |
| विवाह दर्ता | 533 |
| सम्बन्धविच्छेद दर्ता | 1 |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | 0 |
| कालोपत्रे सडक मर्मत | 0 |
| ग्राभेल सडक निर्माण | 0 |
| ग्राभेल सडक मर्मत | 0 |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१९ **योजना छनौट र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।


https://nams.oag.gov.np

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५ लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| 67 | 81 | 90 | 88 | 60 | 386 |

| | | | | |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू.30 हजार देखि रु.1 करोड 44 लाख सम्मका 386 वटा योजना संचालन गरेकोमा रू.१ लाख भन्दा मुनिका मात्र 67 वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| २० | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २०मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेशसम्म गरेको देखियो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्पकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| २१ | | | **कानूर सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ४ वटा नियमावली, ७ कार्यविधि लगायत २६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । तसर्थ उक्त कानूनहरुको कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| २२ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी 15 र यो बर्ष थप भएको 20 गरी कुल 35 विवाद दर्ता भएकोमा 18 वटा मात्र फछ्र्यौट भई 17 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २३ | | | **कार्यविभाजन तथा सम्पादन** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ मा कार्यपालिकाको कार्य विभाजन तथा कार्य सम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यापालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुने र सो नियमावलीमा प्रमुख उपप्रमुख वडा अध्यक्ष तथा वडा सदस्यहरुको काम कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनुपर्ने उल्लेख छ । पालिकाले हालसम्म पदाधिकारीहरुको कार्य विभाजन नियमावली बनाएको छैन । कार्य विभाजन नियमावली स्वीकृत गरी स्थानीय तहलाई संस्थागत गर्नुपर्दछ । | |
| २४ | | | **कार्यसञ्चालन कार्यविधि**<br>**कार्यविधिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । संविधानको अनुसूचीहरु, नेपाल सरकार कार्य विस्तृतिकरण सम्बन्धी प्रतिवेदन तथा स्थानीय सरकार सञ्चालन ऐनdf निर्धारित कार्य क्षेत्र भित्र रहि निश्चित मापदण्ड तोकी कार्यपालिकाबाट कार्यविधि स्वीकृत गराएर संचालन गर्नु पर्नेमा विधिवत आधार वेगर संचालित कार्यक्रमहरु कार्यसंचालन कार्यविधि बनाई संस्थागत गर्नु पर्दछ ।<br><br>**क्र स** — **कार्यक्रमको नाम**<br>१. — नगर बस संचालन कार्यक्रम<br>२. — नगर ऐम्वुलेन्स संचालन कार्यक्रम<br>३. — नगरपालिकाको टिप्पर डोजर लगायतको सम्पत्ति भाडामा लगाउने कार्य | |
| २५ | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश सभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहायबमोजिम रू 90,00,000। सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष९ जना | कार्यपालिका सदस्य 8 जना | सभाका सदस्य 29 जना | जम्मा 48 |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 6000 | 6000 | 48000 | 32000 | 52000 | 144000 |
| २ | यातायात खर्च | 0 | 0 | 0 | 6000 | 26000 | 32000 |
| ३ | टेलिफोन,मोबाइल | 84000 | 72000 | 425000 | 336000 | 686000 | 1597000 |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | 78000 | 60000 | 432000 | 336000 | 857500 | 1763500 |
| ५ | समन्वय तथा सहजीकरण | 120000 | 108000 | 702000 | 576000 | 1372000 | 2878000 |
| ६ | अतिथि सत्कार | 132000 | 120000 | 864000 | 0 | 0 | 1116000 |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | 48000 | 42000 | 270000 | 240000 | 343000 | 943000 |
| ८ | चाडपर्व खर्च | 27500 | 25000 | 162000 | 80000 | 232000 | 526500 |
| | जम्मा | 495500 | 433000 | 2903000 | 1606000 | 3568500 | 9000000 |

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **कानूनी सल्लाहाकार भत्ता**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश सभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा कानुनी सल्लाहाकार नियुक्ति गरी भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छैन । तर पालिकाले चालु आर्थिक वर्षमा एक जना कानुनी सल्लाहाकार नियुक्ती गरी रु.2,40,000 खर्च लेखेको छ । कानुनमा व्यवस्था गरी त्यस्तो खर्च लेखिनुपर्दछ । | |
| २७ | | | **खाना तथा विविध खर्च** | |

 https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रू.8,30,853।- खर्च गरेको छ । अनुत्पादक प्रकृतिका खर्चमा आवश्यक नियन्त्रण गर्नु पर्दछ । | |
| २८ | | | **आर्थिक सहायता**<br>– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष 131 जनालाई रू. 10,00,000।- आर्थिक सहायता वितरण गरेका छन् । संघ तथा प्रदेशबाट प्राप्त अनुदान रकमबाट आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २९ | | | **अनुदान उपयोगको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर नगरपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदान ग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३० | | | **अनुगमन प्रतिवेदन**<br>विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुँदा नं ११ मा विशेष अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपम लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदनतथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट प्रदेश विशेष अनुदान अन्तर्गत संचालित निम्नानुसारका योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । कार्यविधिको पालना गर्नुपर्दछ । | |

| क्र. स | | योजनाको नाम | विनियोजित बजेट | खर्च रु |
|---|---|---|---|---|
| १ | संघ विशेष अनुदान | दुर्गा आधारभुत विद्यालय भवन निर्माण | 5234355 | 4247413 |
| २ | सुदुरपश्चिम प्रदेश विशेष अनुदान | खातिवाडा स्वास्थ्य चौकी निर्माण | 1600000 | 1591952 |
| ३ | सुदुरपश्चिम प्रदेश विशेष अनुदान | तल्लो कलेना सिंचाई कुलो निर्माण | 1200000 | 1199021 |
| 4 | सुदुरपश्चिम प्रदेश विशेष अनुदान | मातृशिशु स्वास्थ्य तथा खाद्य सुरक्षा एवं पोषण स्थिती सुधार कार्यक्रम | 1000000 | 714483.87 |
| 5 | सुदुरपश्चिम प्रदेश विशेष अनुदान | डम्पिङ्ग साइड निर्माण | 2200000 | 1941549- |

३१

**लक्ष्य तथा उद्देश्य बेगरका अनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०77 को नियम ४0 मा बजेटमा समावेश गरी कुनै निकायलाई आर्थिक अनुदान दिदा लक्ष्य कार्यक्रम र लागत अनुमान र कुन नियमबाट दिने स्पष्ठ खुलाई पेश गर्नुपर्ने उल्लेख छ । सोही नियमको उपनियम ५ मा अनुदानबाट संचालित कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कन समेत गर्नु पर्ने व्यवस्था छ ।पालिकाको आफ्नो आन्तरिक वित्तीय आधार कम्जोर रहेको अवस्थामा संघीय तथा प्रदेश समानिकरण अनुदानबाट विशिष्ठ कार्यक्रम तथा लक्ष्य नतोकी नाफामूलक गैर सरकारी संस्थालाई विना कानूनी आधार भुक्तानी गरेको अनुदान असुल हुनु पर्दछ।

| **संस्थाको नाम** | **प्रयोजन/कार्यक्रम** | **रकम** |
|---|---|---|
| नेपाल रेडक्रस सोसाइटी | रेफ्रिजेरेटर खरिद | 460000 |
| नेपाल पत्रकार महासंघ | कार्यालय व्यवस्थापन | 50000 |
| नेपाल हेल्प | गाडि मर्मत | 65833 |
| सामाजिक विकास केन्द्र | रंगरोगन | 498200 |
| **जम्मा** | | **1074033** |

| | | | | |
|---|---|---|---|---|
| ३२ | | | **ठेक्का व्यवस्थापन**<br>सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः<br>(रू.हजारमा) | |

| कुल निर्माण खर्च | सोझै खरिद (उपभोक्ता समिति) | | सिलबन्दी दरभाउपत्र | | बोलपत्र | | तेश्रो चौमासिकमा व्यवस्था भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| 137832 | 34 | 12587 | 243 | 110682 | 10 | 14563 | 65 | 16995 |

| | | | | |
|---|---|---|---|---|
| ३३ | | | **बार्षिक खरिद योजना। गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१5 करोड 69 लाख 35 हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३४ | | | **निर्माण कार्यको गुणस्तर**<br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ)अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने, कालोपत्रे सडकककको परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतःनियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परीक्षणलाइ अनिवार्य गर्नु पर्दछ । | |
| ३५ | | | **आयको अनुमान** | |

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.1,70,12,000।- आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७7।७8 मा रु.1,23,59,549.97 ।- अर्थात अनुमानको प्रतिशत 72 प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>आन्तरिक आय<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७7।७8 मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>330965090.94</td><td>12359549.97</td><td>3</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.६प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>राजश्व दाखिला<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,2076 को दफा २८ (2) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरि स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजस्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० दिन वा सो भन्दा वढी ढिला गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको 10 प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न गराउन सक्ने व्यवस्था छ । यस बर्ष पालिकाका ९ वडा कार्यालयहरुले रु.७३५०३५४.२१ असुली र रु.६९४८७३३.७७ दाखिला गरेको बिवरण पेश भएको छ। दाखिला गर्न बाँकी रु.४०१६२०।४४ मध्ये लेखापरीक्षण अवधिमा रु. ३९६९२०।४४ दाखिला गरी भौचर पेश भएको छ । वडा नं. ९ बाटको रु.४७००।÷ दाखिला गर्न बाँकी छ । सबै वडा कार्यालयहरुले असुल गरेको रकम कानून अनुसार तोकिएको अबधिभित्र दाखिला गरेक छैनन् । वडा कार्यालयहरुले असुल गरेको र दाखिला गरेकको सबै अभिलेख लेखापरीक्षणको क्रममा पेश भएन । ढिला दाखिला गरेको सम्बन्धमा पालिकाले जरिवाना यकिन गरी असुल गर्नुपर्ने र दाखिला गर्न बाँकी रकम असुल हुनुपर्ने रु.</td><td>४,७००</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>स्थानीय तहको विभाज्य कोष<br>प्रदेश आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले चालु आर्थिक वर्षमा ढुँगा गिटी बालुवा ठेक्का लगाई रु.1,12,7000 आम्दानी गरेकोमा नियमानुसार ४० प्रतिशतले हुने रु.4,50,800 प्रदेश सञ्चित कोषमा पठाउनु पर्नेमा नपठाएकोले उक्त रकम प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.</td><td>४५०,८००</td></tr>
</table>

३९ **सवारी कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा नगरपालिकाले हालसम्म सवारी दर्ता गर्ने गरेको छैन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

४० **मनोरञ्जन कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७7।७8 मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस नगरपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

४१ **व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.15,97,584/-कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसले कति व्यावसायी दर्ता तथा राजस्व लगतको सम्बन्धमा यकिन हुन सकिएन । पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । प्राप्त विवरण अनुसार २ वडाको उदाहरण निम्न छ ।

| वडा नं. | व्यवसाय कर | कर तिर्नेको संख्या | असुली रकम | कर तर्न बाँकी संख्या | असुल हुन वाकी रकम |
|---|---|---|---|---|---|
| 5 | 26 | 17 | 50730 | 9 | 18000 |
| 8 | 43 | 32 | 95150 | 11 | 22000 |

४२ **मु अ कर मा दर्ता नभएको**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५६ मा रु.२० हजारभन्दा बढीको बस्तु खरिद गर्दा दर्ता भएको व्यक्ति, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । छनौट गरि परिक्षण गरिएका निम्न भौचरमा पालिकाले दर्ता नभएको फर्मसंग पटक पटक गरी रु.२० हजारभन्दा कमको बिल संलग्न गरी कार्यालय सामाग्री खरिद खरिद गरेको छ । यसरी एउटै फर्मबाट पटक पटक गरी खरिद गर्नु कानुन सम्मत देखिदैन ।

| भौ.न/मिति | आपुर्तकको नाम | कारोवार रकम |
|---|---|---|
| 726/078/3/10 | न्यू जोशी प्रिन्टर्स एण्ड स्टेशनरी | 54100 |
| 777/078/3/18 | विद्या स्टेशनरी एण्ड जनरल स्टोर | 59370 |
| 728/078/3/22 | न्यू विद्यार्थि पुस्तक तथा स्टेशनगरी सप्लायर्स | 36900 |
| 835/078/3/23 | आयुष्मा जनरल स्टोर एण्ड सप्लायर्स | 75350 |
| 837/078/3/23 | मुनाल होटल | 78000 |
| 864/2078/3/24 | शेलेश्वरी पुस्तक एण्ड स्टेशनरी | 74000 |
| 871/2078/3/25 | के.सी जनरल स्टोर्स एण्ड सप्लायर्स | 284843 |
| | **जम्मा** | **662563** |

४३

**कारोवारको लेखाङ्कन**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारिता र औचित्यता समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । नगरपालिका बाट संचालित ३ वटा नगर बस, 1 एम्बुलेन्स, 1 जे.सी.बी, तथा १ ट्र्याक्टर बाट भएकोनिम्नानुसारको आय व्ययको विवरण अनुसार कूल व्ययको जम्मा 36.87 प्रतिशत मात्र आय भएको अवस्था छ ।यसरी संचाचिल नगर बस तथा एम्बुलेन्सले कति सेवा ग्राहीलाई सेवा दिइएको थियो । कति घण्टा चलाइएको थियो सो सम्बन्धी तथ्याङ्क अध्यावधिक छैन । पालिकाले दिएको बिवरण अनुसार जे सि विको अपरेटर पद रिक्त रहेको छ भने सहायक अपरेटर नियुक्त गरी तलव बापत रु.2,10,900 खर्च लेखेको छ । तथ्यांक अध्यावधिक नहुदा यी सेवा संचालनमा भएको आम्दानी र खर्चको यथार्थता परीक्षण गर्न सकिने स्थिति छैन ।नगरपालिकाले स्रोतको सुनिश्चितताको आधारमा आफ्नो सेवा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ । लागत लाभको आधारमा कार्यविधि तय हुनुपर्दछ ।

| आय | | व्यय | | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **तलव/खाना** | **मर्मत** | **ईन्धन** | **जम्मा** |
| ट्याक्टर भाडा वापत | 49000 | 440300 | 521000 | 259235 | 1220535 |
| नगर बसको आम्दानी | 1556220 | 1005600 | 293945.68 | 969500 | 2269045.68 |
| नगर ऐम्वुलेन्स वापतको आम्दानी एकिन नहुने | 65270 | 209100 | 198379.60 | 80112 | 487591.6 |
| जे सि वि भाडा | 61700 | 210900 | 454226 | 54850 | 719976 |
| **जम्मा** | **1732190** | **1865900** | **1467551.28** | **1363697** | **4697148.28** |

४४

**प्राविधिक विल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कन बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले उपभोक्ता समितिको बिलमा तोकिएका सबै बिवरण खुलाई नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४५

**घटी सिमेन्ट खरिद** ५२,१३६

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार निर्माण कार्य सम्पादन गर्नु पर्ने व्यवस्था छ । छनौट गरी परिक्षण गरीएका देहायका योजनाको निर्माण कार्यमा नर्म्स अनुसार लाग्ने सामाग्रीको लागत दर कायम गरी भुक्तानी गरेकोमा कम सिमेन्ट खरीद गरेको तर सम्पन्न विलमा नर्म्स अनुसार नै देखाइ भुक्तानी भएको देखिएकोले पालिकाले अन्य योजनामा समेत बढी भुक्तानी भएको एकिन गरी उक्त रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी दाखिला गर्नुपर्ने रू.

| भौ.नं. र मिति | कार्यक्रम | Item | कार्य परिमाण | नापी अनुसारको सिमेन्ट | खरीद सिमेन्ट | घटी सिमेन्ट खरीद | दर रू. | जम्मा रू. |
|---|---|---|---|---|---|---|---|---|
| 308/078/3/20 | मल्लो कलेनाको चौचारो निर्माण | laying stone masonry 1:6 ratio | 80.32Cum | 170 बोरा | 158 बोरा | 45 बोरा | 802 | 36090 |
| | | Laying PCC 1:2:4 morter ratio | 5.11Cum | 33 बोरा | | | | |
| 273/078/2/30 | कोइरेली गाड देखि जारीम बोट कुलो योजना | stone masonry 1:4 ratio | 14.23 Cum | 46 बोरा | 111 बोरा | 20 बोरा | 802 | 16046 |
| | | Laying Rcc & PCC 1:2:4 morter ratio | 13.30Cum | 85 बोरा | | | | |
| | | **जम्मा** | | | | | | **52136** |

४६ **प्रमाण पेश हुन नसकेको कार्य परिमाण** ५०,८८२

352/078/3/24 सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (ख)मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले तल्लो कलेना खानेपानी योजनाको अन्तीम विल भुक्तानी गर्दा 20 एम एम एचडपि पाईप ९०० र.मि प्रति र.मि रु.44 र 25 एम एम एचडपि पाईप 200 र.मि को प्रति र.मि रु.56.41 को दरले हुने परिणाम उपभोक्ता विलमा समावेश नभएको आइटम समेत ठेक्का विलमा समावेश गरी रु.50,882 वढी भुक्तानी दिएकोले उक्त रकम उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

४७ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

४८ **मन्दिर निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न 26 वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रु.86,20,000 खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत

| | | | | |
|---|---|---|---|---|
| | | | बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमानगरपालिकाको पुँजिगत बजेटको 5.5 प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बनाई नगरपालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनुपर्दछ । | |
| ४९ | | | **मूर्ति निर्माण**<br>सार्बजनिक खरिद ऐन, 2063 को दफा ५ मा निर्माण कार्यको हकमा बाहेक एक लाख रुपैया सम्मको खरिद गर्न लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्बजनिक खरिद नियमावली, 206४ मा कानून बमोजिम दर्ता भएका व्यक्ति वा कम्पनीबाट रु.५ लाखदेखि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्र र सोभन्दा बढीको बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले शैलेश्वरी मन्दिर नजिकै झण्डै 30-40 फिट उचाईको धार्मिक (भगवती) मुर्ति निर्माण गर्दा दक्ष मुर्तिकारहरुको दररेट पेश गर्न १५ दिने सूचना 2076/9/20 मा प्रकाशित गरी 2076/11/2 मा प्रभु महरा लाहन नगरपालिका सिराहसंग रु.15,00,000/- को सम्झौता गरेकोमा भौचर नं.52 र २३२ बाट १५ प्रतिशत कर कट्टा गरी रु.12,75,000/- भुक्तानी गरेको देखियो । पालकाले सामान खरिद गरी मूर्ति निर्माणका सामाग्री र ज्यामि ज्यालाको कार्य गराएको छ । उक्त कार्य दर्ता नभएको व्यक्तिसंग सम्झौता गरी भुक्तानी गरेको सम्बन्धमा मूर्ति बनाउने कालिगढ उपलब्ध नभएकोले प्रतिशस्पर्धाबाट कार्य गराउन सूचना प्रकाशन गरिएको देखिन्छ तसर्थ दर्ता नभएको व्यक्तीसंग खरिद सम्झौता गरेकोले उक्त खरिद प्रक्रिया नियमसंगत नदेखिएको रु. | १,२७५,००० |
| ५० | | | **अनुत्पादक खर्च**<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको छ । यसका केही उदाहरण निम्न छ । | |

| सि.नं. | भौ.न/मिति | प्रयोजन | रकम |
|---|---|---|---|
| 1 | 45/2078/3/23 | ५० वर्ष उमेर सम्म विहे नगरी एकल जिवन निर्वाह गरीरहेका महिलाको जिवन निर्वाह | 48000 |
| 2 | 46/2078/3/23 | पन्चे वाजा लुगा कपडा वडा नं २ | 75000 |
| 3 | 59/078/3/24 | मेलतडा वाल विकास केन्द्रलाई अनुदान | 97000 |
| 4 | 76/2078/3/25 | सास्कृतिक कार्यक्रममा खाजा खाना गणेश वहादुर गुरुङ | 200000 |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ५१ | | | **सोझै खरिद** | |

सोझै खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ। त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। यो वर्ष नगरपालिकाले रु.५ लाखभन्दा कमको बजेट तथा कार्यक्रम स्वीकृत गरेकोमा देहायका ३४ कार्यक्रमको रु.१ करोड २६ लाख ९९ हजारको लागत अनुमान स्वीकृत गरेकोमा रु.१ करोड २६ लाख ५७ हजारमा सम्झौता गरी रु.१ करोड 25 लाख 87 हजार भुक्तानी गरेको र ती कार्यहरु बिभिन्न निर्माण व्यवसायीबाट सोझै गराएको छ। उक्त खर्च रकम नगरपालिकाबाट विनियोजित कूल पुँजिगत बजेटको 8 प्रतिशत रहेको र लागत अनुमानकै हाराहारीमा भुक्तानी भएको छ। उपभोक्ता समितिबाट कार्य गराउदा ओभरहेड तथा मुअकर समेत भुक्तानी गर्न नपर्ने तथा जन सहभागिता समेत समाबेश हुने भएकोले सानातिना श्रममूलक र जनसहभागिता जुट्ने कार्यहरु प्रतिस्पर्धा बेगर ठेक्का मार्फत कार्य गराउदाबढी व्ययभार पर्ने देखिएको छ। खरिद कानूनमा प्रतिस्पर्धा सीमित हुने गरी कुनै पनि कार्य गर्न नहुने व्यवस्था भएकोले साना कार्यक्रम स्वीकृत गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने र २ वा सोभन्दा बढी कार्य समेटेर प्रतिस्पर्धाबाट कार्य गराई खर्चलाई मितव्ययी बनाउनु पर्दछ।

| क्र.स | निर्माण व्यवसायिको नाम | कामको विवरण | लागत अनुमान | सम्झौता रकम | भुक्तानी रकम | सम्झौता मिति | सम्पन्न मिति |
|---|---|---|---|---|---|---|---|
| 1 | जीत कन्स्ट्रक्सन एण्ड सप्लायर्स | स्वाखानी सिरखोलीसैन सडक मर्मत | 97.182 | 98.289 | 91.72 | 8/22/2077 | 9/7/2077 |
| २ | एस.एस् कन्स्ट्रक्सन एण्ड सप्लायर्स | हलिखोला खूल्लेक सडक मर्मत | 436.43 | 433.25 | 432.786 | 11/15/2077 | 12/11/2017 |
| 3 | पुवार कन्स्ट्रक्सन | स्वागतद्धार निर्माण | 304.911 | 304.56 | 300.016 | 9/20/2077 | 12/24/2077 |
| ४ | नमुना कन्स्ट्रक्सन | पनेरा स्यालीको रुख देखि विष्टजीको घर सम्म सिंचाई कूलो निर्माण | 99.92 | 99.922 | 99.922 | 8/12/2077 | 3/6/2078 |
| 5 | के.के निर्माण सेवा | गडपानी वा६कीताल अधूरो सडक निर्माण | 97.368 | 96.748 | 87.347 | 8/12/2077 | 1/14/2078 |
| ६ | उन्नति निर्माण सेवा | ब्यारेकको पश्चिम गे६ देखि पाताल भैरव सम्मको बाटो निर्माण | 485.781 | 484.171 | 482.873 | 5/28/2077 | 7/25/2077 |
| 7 | एन.के कन्स्ट्रक्सन एण्ड सप्लायार्स | डण्डीत्रुराज भट्टको घर देखि पाताल भैरव मन्दिर सम्मको बाटो निर्माण | 185.757 | 184.466 | 183.348 | 7/24/2077 | 8/21/2077 |
| ८ | आर.आर कन्स्ट्रक्सन एण्ड सप्लायर्स | धामीगाउ सडक मर्मत | 308.123 | 306.108 | 296.943 | 9/22/2077 | 10/1/2077 |
| 9 | ब्राही निर्माण सेवा | जिल्ला अस्पताल देखि शाही मेडिकल सम्म सिडितथा बाटो निर्माण | 145.646 | 145.355 | 144.659 | 8/28/2077 | 9/10/2077 |
| १० | आर.डी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | साफे सडक देखि सरस्वती टोल जाने सडक बाटोमा पर्खाल निर्माण | 399.661 | 397.151 | 395.745 | 9/7/2077 | 9/16/2077 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 11 | गैरेल निर्माण सेवा | रामायणस्टेशनरी देखि टुडिखेल सम्म बाटो तथा सिडिनिर्माण | 194.784 | 194.7 | 193.505 | 9/13/2077 | 11/10/2077 |
| १२ | रुपेश एण्ड अशोक निर्माण सेवा | वडा कार्यालय सडक मर्मत | 97.368 | 96.748 | 95.498 | 11/20/2077 | 12/12/2077 |
| १४ | मस्टामसानी कन्स्ट्रक्सन | न.पा.को कान्जि हाउस पछाडि पर्खाल निर्माण | 486.408 | 486.239 | 483.57 | 5/23/2077 | 6/13/2077 |
| 15 | पाण्डब निर्माण सेवा | तेडिमाडु देखि सिलगढीवजार सम्मको बाटोमा रेलिङनिर्माण | 499.332 | 496.635 | 495.414 | 5/29/2077 | 8/10/2077 |
| १६ | अनिल कन्स्ट्रक्सन | नेपाल आमाको रेलिङतथा अन्य निर्माण कार्य | 485.271 | 485.067 | 483.958 | 7/18/2077 | 8/10/2078 |
| 17 | भागेश्वोर कन्स्ट्रक्सन एण्ड सप्लायेर्स | देव खड्काको जमिन देखि घरेलूखोला सम्मको नाली पर्खाल निर्माण | 499.604 | 499.421 | 498.966 | 8/19/2077 | 9/18/2077 |
| १८ | जि.एम कन्स्ट्रक्सन | पश्चिम सिंचाई ढांटखोला देखि खडक खडकाको घर सम्म नाली निर्माण | 486.135 | 486.081 | 483.553 | 9/6/2077 | 10/25/2077 |
| 19 | एच.के कन्स्ट्रक्सन | वडा नं. ट वडा कार्यालय देखि टुडिखेल जाने बाटो निर्माण | 487.492 | 474.031 | 473.43 | 9/12/2077 | 10/25/2077 |
| २० | के.आर कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ज्ञानुहोटल देखि प.प.मू.मा.वि.जाने बाटो निर्माण | 493.493 | 493.143 | 489.631 | 9/17/2077 | 10/14/2077 |
| 21 | सयेम लुवाखडी निर्माण सेवा | समूवागाडपूल देखि कैलडाबाटो निर्माण | 484.759 | 484.434 | 484.147 | 10/21/2077 | 1/8/2078 |
| २२ | अग्निसिखा निर्माण सेवा | विधूत पोल ब्यवस्थापन | 484.991 | 484.244 | 481.956 | 10/18/2077 | 12/12/2077 |
| 23 | सिर्जना कन्स्ट्रक्सन एण्ड | लोक शाहू घर देखि पूल वजार बाटो निर्माण | 479.294 | 478.142 | 477.65 | 10/28/2077 | 11/24/2077 |



https://nams.oag.gov.np

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सप्लायर्स | | | | | | |
| २४ | सेती निर्माण सेवा | ज्ञानु होटल देखि श्याम प्रसाद जोशीको घर सम्मको बाटो निर्माण | 486.817 | 486.182 | 485.996 | 11/6/2077 | २०७७१२-०८ |
| 25 | दुनिला कन्स्ट्रक्सन | खानेपानी ब्यवस्थापन, संचालन र मर्मत | 487.034 | 486.366 | 485.154 | 11/19/2077 | 12/10/2077 |
| २६ | डी.आर कन्स्ट्रक्सन | जिल्ला अस्पतालको भवन मर्मत तथा रंगरोगन | 484.757 | 484.381 | 483.153 | 10/25/2077 | 11/3/2077 |
| 27 | भूमिराज कन्स्ट्रक्सन एण्ड सप्लायर्स | यज्ञराज खडकाको घर देखि डुडे देवताको मन्दिर सम्म जाने बाटो पि.सि.सि. | 339.391 | 339.022 | 338.87 | 10/25/2077 | 11/14/2077 |
| २८ | गजराज निर्माण सेवा | सेपृटिट्याकी निर्माण(रुद्रध्वज गण) | 485.952 | 485.524 | 484.6 | 11/2/2077 | 11/15/2077 |
| 29 | खुम ब्रदर्स निर्माण सेवा | स्काउ६ भवन पछाडीी पर्खाल निर्माण | 243.373 | 242.678 | 242.471 | 8/28/2077 | 9/15/2077 |
| ३० | असू निर्माण सेवा | लम्पाटावाल निर्माण | 486.635 | 484.422 | 477.569 | 2/24/2078 | 3/20/2078 |
| 31 | भुमिकिर्पा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | तिर्थराजको भट्टको घरदेखि सुवाश वोहराको घर सम्म बाटो निर्माण | 486.063 | 485.608 | 483.971 | 2/14/2078 | 3/1/2078 |
| ३२ | दिल्पेश्वर निर्माण सेवा | पश्चिम सिंचाई अम्ला खर्क सम्म नाली निर्माण | 486.238 | 484.598 | 484.598 | 2/24/2078 | 3/22/2078 |
| 33 | एन.बि निर्माण सेवा | लक्ष्मणखत्रीको घर देखि पटकानी सम्मको बाटो निर्माण | 486.565 | 486.114 | 482.858 | 2/14/2078 | 3/1/2078 |
| ३४ | जय गणेश निर्माण सेवा | सेती सभाहलको सेप्टी टंकी पछाडी को पर्खाल निर्माण | 486.567 | 483.291 | 481.569 | 6/12/2077 | 6/26/2077 |
| | जम्मा | | 12699 | 12657 | 12587 | | |

| | | | | |
|---|---|---|---|---|
| ५२ | | | **टुक्रा पारी खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६4 को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । साथै नियम 85(1ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी ५ लाख भन्दा वढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नपाइने व्यवस्था छ । पालिकाले निम्नानुसारको खरिदमा खरिद प्याकेज बनाई खुला प्रतिस्पर्धात्मक विधि अपनाउन सकिने अवस्थामा ५ लाखको सीमा भित्रका एक भन्दा धेरै टुक्रा पारी खरिद गरिएकोले प्रतिस्पर्धा सीमित हुन गएको छ । नियमावलीको प्रावधान भन्दा फरक गरी गरिएको कार्य नियम सम्मत मान्न सकिदैन केही उदाहरण निम्न छन् । | |

| क्र.स | आपूर्तकको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | उग्रतारा ट्रेडिङ कन्सर्न | कार्यालय सामाग्री खरिद | 1508000 |
| २ | शर्मा इम्पेक्स | त्रिपाल लगायत अन्य जिन्सी सामाग्री खरिद | 909029 |
| ३ | न्यू चाद ट्रेडर्स | फर्निचर खरिद | 889153 |
| ६ | सफ्टवयर एप्लीकेसन एण्ड इन्फरमेसन टेक्नोलोजी | ल्यापटप खरिद | 508021 |

| | | | | |
|---|---|---|---|---|
| ५३ | | | **चेनेज नखुलाएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख)मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले बोलपत्र माग गर्दा निर्माण व्यवसायीले घटेको कारण बचत भएको रकमबाट पुनः सोही स्थानमा सिलबन्दी बोलपत्रबाट वाल निर्माणको कार्य गराएको छ । यसरी कार्य गराउँदा सडक र गाह्रोको चेनेज खुलाइएको छैन । निम्न योजनाको निर्माण कार्य गर्दाको नापी किताबमा चेनेज नखुलाई नापी किताव तयार गरेको छ । पालिकाले उक्त कार्यको नापी कितावमा चेनेज खुलाउनु पर्दछ । | |

| भौ.न/मिति | योजनाको नाम | कार्य परिमाण | कार्य | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| 203/077/3/29 | इन्द्रचोक व्यरेक पर्खाल निर्माण | 37.65 मी | Eatrh work excavation,laying stone soling,laying pcc 1:2:4 & 1:4,site clearince | वि.एस.कन्स्ट्रक्सन | 1233837 |
| 381/078/3/27 | इन्द्रचोक व्यरेक पर्खाल निर्माण | 13 मी | Eatrh work excavation,laying stone soling,laying pcc 1:2:4 & 1:4,site clearince | वि.एस.कन्स्ट्रक्सन | 846490 |
| 382/078/3/27 | इन्द्रचोक व्यरेक पर्खाल निर्माण | 21 मी | Eatrh work excavation,laying stone soling,laying pcc 1:2:4 & 1:4,site clearince | के.वि निर्माण सेवा | 524736 |
| 272/078/2/30 | टुडिखेल खेल मैदान निर्माण | 12 मिटरको माटो १४३ ट्रिप बाट फाल्ने | थुपारीएको माटो १० कि.मि पर लगि फ्यक्ने | पाण्डव निर्माण सेवा | 430674 |
| 375/078/3/25 | टुडिखेल खेल मैदान निर्माण | 12 मिटरको माटो 198 ट्रिप बाट फाल्ने | थुपारीएको माटो 5 कि.मि पर लगि फ्यक्ने | पाण्डव निर्माण सेवा | 811616 |
| | **जम्मा** | | | | **3847353** |

५४ **कार्यसम्पादन जमानत** १,६००,०००

सार्वजनिक खरिद नियमावली, 2064 र खरिद सम्झौता अनुसार तोकिएको समयमा निर्माण कार्य पुरा नगरेमा सम्झौताको शर्तनामा बमोजिम कार्य नगरेमा कार्यालय प्रमुखले सम्झौता रद्द गर्ने, कालो सूचीमा राख्न सिफारिस गर्ने धरौटी वा कार्यसम्पादन जमानतको रकम जफत गर्नुपर्ने व्यवस्था छ । पालिकाले थला पार्क निर्माण गर्न रु.83,93,483.55 को लागत अनुमान स्वीकृत अनुसार बोलपत्रबाट छनौट भई उन्नती निर्माण सेवा संग 2078/3/15 सम्म कार्य सम्पन्न गर्ने गरी रु.45,72,846.91 (भ्याट बाहेक) मा सम्झौता भएको थियो । निर्माण व्यवसायीले 2079/4/21 सम्म म्याद रहेको कृषि विकास वैंकको रु.1६ लाखको कार्य सम्पादन जमानत राखेको छ । कार्यालयले उक्त निर्माण कार्य गर्न 2078/3/21 सम्म म्याद रहेको रु.9,00,000 को पेश्की जमानत राखी सोही वरावरको मोविलाइजेसन पेश्की दिएको देखिन्छ । लेखापरीक्षण अवधिसम्म ठेक्काको म्याद थप भएको छैन भने निर्माण व्यवसायिको 2078/2/4 पत्रानुसार कोरोना महामारीका कारण मजदुरहरु र निर्माण सामाग्री उपलब्ध नभएको कारण कार्य गर्न



https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | नसकिने जनाएको देखिन्छ । पालिकाले सम्झौता अन्त्य वा कानून बमोजिमको कार्य गरेको छैन । निर्माण व्यवसायिले करार सम्झौता अनुसारको निर्माण पुरा गर्नुपर्ने अन्यथा कार्य नगर्दा पालिकालाई पर्न गएको क्षतिपूर्ति एकिन गरी जमानत वापतको रकम जफत गरी कानून बमोजिम ठेक्का रद्द गर्नुपर्ने देखिएको रु. | |
| ५५ | | | **घटी सिमेन्ट बोरा खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समितिले हरेक किस्ताकोकामको प्राविधिक मूल्याङ्कन, बिल भर्पाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धीत सार्वजनिक निकायमा पेश गर्नुपर्ने र तत्श्चात सम्बन्धित निकायले नियम ९७(११) बमोजिम कार्यसम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समितिलाई रकम भुक्तानी गर्नुपर्दछ । पालिकाले निम्न उपभोक्ता समितिबाट कार्य गराउँदा वास्तविक परिमाण भन्दा घटि परिमाणमा खरिद गरेको तर नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा पुरै कार्य भएको नापजाँच भै भुक्तानी भएकोले वास्तविक खपत परिमाण भन्दा वढी भूक्तानी भएकोले प्रति वोरा सिमेन्टको मूल्य रु.680 र सो को मुल्य अभिवृद्धि कर समेत रकम असूल गर्नुपर्ने रु. | १८३,३४१ |

| भौ.न/मिति | कार्य | कार्य परिमाण | चाहिने सिमेन्ट (बोरा) | खर्च गरेको सिमेन्ट बोरा | फरक रकम |
|---|---|---|---|---|---|
| 197/077/12/12 | सितगंगा दलित वस्ती वाटो निर्ण उ.स | stone mesanary1:6<br>pcc 1:3:6 | 96<br>67 | 140 | 17366 |
| 200/2076/12/16 | चिसापानी पार्क निर्माण उ.स | stone laying 1:6<br>pcc 1:2:4<br>plaster 1:3<br>plaster 1:4 | 415<br>29<br>4<br>3 | 235 | 165975 |
| | **जम्मा** | | | | **183341** |

| | | | | |
|---|---|---|---|---|
| ५६ | | | **द्वारीखोला कलेना सडक**<br>सार्वजिनक खरिद नियमावली, 2064 को नियम 6(3) मा वातावरणिय अध्यनको प्रतिवेदन स्वीकृत नगराई र निर्माणस्थलको व्यवस्था नभई वोलपत्र आवह्वान गर्न नहुने व्यवस्था छ । द्धारिखोला देखि कलेना सडक निर्माण गर्न रु.25,56,002.19 को लागत अनुमान तयार गरी वोलपत्र माग गरेकोमा घटिवाला निर्माण व्यवसायी प्रशन्ना कन्सट्रक्सन संग रु.8,18,734.72 मा 2078/3/15 मा सम्पन्न गर्ने गरी 2078/1/19 मा ठेक्का सम्झौता भएको थियो । उक्त निर्माण व्यवसायीले 2078 आषाढ मसान्तसम्म रु.4,94,060.45 को मात्र कार्य सम्पन्न गरेको छ । वन कार्यालयले निर्माण कार्य रोक्नको लागि पत्राचार गरेकोले निर्माण व्यवसायिले सडक निर्माण कार्य रोकेको र आर्थिक वर्षको अन्त्यमा वजेट फ्रिज भएको हुँदा सो निर्माण कार्य सम्पन्न नभई अधुरो रहेको छ । पालिकाले कानून बमोजिम वातावरणिय अध्ययन नगरी र वन कार्यालयको स्वीकृत नलिई सडक निर्माण गरेको देखियो । उक्त निर्माण कार्यको अवधि सकिएपनि सम्झौता बमोजिम म्याद थप भएको छैन । यसरी कानूनको व्यवस्था अनुसार प्रकृया पुर्याई ठेक्का | |

सम्झौता नगरेको कारण उक्त सडक निर्माण कार्य अधुरो रहेको र सम्झौता अनुसार ठेक्का तोडेको पनि देखिएन । निर्माण स्थलको व्यवस्था भएपछि मात्र वोलपत्र आह्वान गर्नुपर्दछ । साथै उक्त ठेक्का सार्वजनिक खरिद ऐन, 2063 को दफा 59(4) अनुसार सम्झौता अन्त्य गर्नुपर्दछ ।

५७ **बढी ग्रेड भुक्तानी** ३९,७७६

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । नगरपालिकाले देहायका शिक्षकको तलब भत्ता भुक्तानी गर्दा शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवदेनका आधारमा तलब भत्ता भुक्तानी गर्नुपर्नेमा देहायबमोजिम ग्रेड बापतको रकम रू.39,776 नपाउने भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रू.

| **विद्यालय** | **शिक्षक** | **बढी भुक्तानी ग्रेड** | **दर** | **जम्मा बढी भुक्तानी** | **कैफियत** |
|---|---|---|---|---|---|
| मगलेक मा.वि | प्रण सिंह विष्ट (नि.मा.वि तृतीय) | १ | 940 | 13348 | कर्मचारी सञ्चय कोष र दसै खर्च समेत वार्षिक |
| मगलेक मा.वि | टेकराज भट्ट (नि.मा.वि तृतीय) | १ | ९४० | 13348 | कर्मचारी सञ्चय कोष र दसै खर्च समेत वार्षिक |
| दप्लेश्वर मा.वि | लक्ष्मिराज ओझा (मा.वि तृतीय) | 1 | 1200 | 13080 | कर्मचारी सञ्चय कोष र दसै खर्च समेत ९ महिनाको |
| | **जम्मा** | | | **39776** | |

५८ **बढी भुक्तानी** १०,०७५

41/078/2/21 सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले भागरथी एकेडेमि नजिक वाल निर्माण कार्यको लागि 4.63 घ.मि प्रति घ.मि 6.4 (पि.सि.सि 1:2:4) को कार्य गर्दा 30 वोरा सिमेन्ट खपत हुनु पर्नेमा नापि कितावमा 43 वोरा सिमेन्ट देखाएकोले १३ वोरा सिमेन्ट प्रति वोरा रु.775 का दरले वढी भुक्तानी भएको रकम असुल हुनु पर्ने रु.

५९ **सेनीटरी प्याडको उपयोग**

223/2078/3/24 शिलबन्दी दरभाउको आधारमा एन.पी. ट्रेडर्स एण्ड सप्लायर्ससँग सम्झौता गरी रू.18,04,090.20।- बराबरको 32,450 थान सेनीटरी प्याड खरीद भएको छ । वार्षिक रुपमा प्रयोगमा ल्याउने गरी खरीद एवं वितरण गर्नुपर्ने उक्त स्वास्थ्य सामाग्री आर्थिक वर्षको अन्तिम महिनामा खरीद गरिएको तथा उक्त सामाग्री लेखापरीक्षण समयसम्म पनि कार्यालयमा मौज्दात रहेकोले विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिती देखियो । यस्ता सामाग्री शैक्षिक सत्रहरु हुँदाको समयमा खरीद गरी उपयोग हुनु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ६० | | | **शिक्षक पदपूर्ति अनुपात**<br>पालिका अन्तर्गतका ३६ विद्यालयमा १८६ शिक्षक भएकोमा १८६ नै पदपूर्ति देखिन्छ । पदपूर्ति मध्ये ८२ शिक्षक करार/अस्थायी/राहतका शिक्षक कार्यरत छन् । उक्त विद्यालयहरुमा 5428 विद्यार्थि अध्यनरत देखिएकोमा शिक्षक विद्यार्थि अनुपात 1:45 देखिन्छ । कार्यक्रम कार्यान्वियन पूस्तिका बमोजिम पहाडी क्षेत्रको विद्यालयमा औषत शिक्षक विद्यार्थी अनुपात समष्टिगतरुपमा ठीक देखिएता पनि विद्यालयगतरुपमा कुनैमा 1:103 देखिन्छ भने कुनैमा 1:22 मात्र देखिन्छ । यसरी अनुपात बमोजिमको विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान वा विद्यालय गाभ्ने प्रकृया तुरुन्त अवलम्बन गर्नुपर्ने देखिन्छ । | |
| ६१ | | | **सहिद स्मृति आवासिय माध्यमिक विद्यालयलाई अनुदान**<br>8/077/6/29 सशर्त अनुदान निकासा दिईएको रकमको प्रगति विवरण लिई अनुगमन गर्ने कार्यगरी सो को उपयोग सम्बन्धमा एकिन गरिनु पर्दछ । साथै शिक्षा विकास तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन पूस्तीका 2077/078 बमोजिम शहिद प्रतष्ठान मार्फत संचालन गर्ने समेत उल्लेख छ । पालिकाले शहिद स्मृती आवशिय माद्यमिक विद्यालयलाई ३ वटा गोश्वरा भौचरवाट रु.2,15,00,000 निकासा दिएकोमा सो को अनुगमन गरेको नपाइनुको साथै विद्यालयले पेश गरेको खर्चको अनुमानित विवरण अनुसार खाद्यन्न तर्फ रु.7572000, तलव भत्तामा रु.9970000 र विद्यार्थि पोशाक लगायत लत्ता कपडामा रु.3,01,000 खर्च गर्ने प्रस्ताव पेश गरेकोमा सो अनुसार खर्च भए नभएको एकीन छैन । तसर्थ उक्त विद्यालयको लेखापरीक्षण प्रतिवेदन, अनुगमन प्रतिवेदन र शहिद प्रतिष्ठान मार्फत संचालन हुनुपर्ने विषय सम्बन्धमा एकिन गर्नुपर्ने । | |
| ६२ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले विभिन्न समयमा कोटेशन माग गरी रु.26,18,900 को खरीद गरेको छ ।<br>औषधि खरिद सम्बन्धमा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको औषधीको मुल्य अनुसारको औषधि खरीद कार्य नगरेको, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाटSpecification अनुसार परीक्षण गरेर जिन्सी दाखीला गर्ने नगरेको निःशुल्क विक्रिको लेवलमा खुलाएको प्रमाण समावेश नभएको देखियो । तसर्थ तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजागरी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा 21 वटा योजना सञ्चालन गरी | |

334 जनालाई रोजगारी दिई श्रमिक ज्यालामा रु.1,29,49,837।÷ र निर्माण सामाग्रीमा रु.7,48,438।÷ गरी कुल जम्मा रु.1,36,98,275।÷ खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ ।

६४

**पूर्व निर्धारित क्षतिपूर्ति** — ८०,१०५

सार्वजनिक खरिद नियमावली, 2064 को नियम 121 बमोजिम निर्माण व्यवसायीको ढिलाइको कारण खरिद सम्झौता बमोजिम तोकिएको समयमा निर्माण कार्य पुरा नगरेमा सम्झौता रकमको 10 प्रतिशतमा नवढ्ने गरी दैनिक 0.05 का दरले पूर्व निर्धारित क्षतीपूर्ति लिनुपर्ने व्यवस्था छ । पालिकाले दुर्गा आधारभुत विद्यालय निर्माणका लागि जे.आर कंस्ट्रक्सन संग 2078/2/25 भित्र कार्य सम्पन्न गर्नुपर्ने गरी रु.44,50,273 मा सम्झौता गरेकोमा ३ वटा गो.भौ बाट रु.41,30,413.54 भुक्तानी भएको देखिन्छ । अन्तिम तथा तेश्रो रनिङ बील रु.6,06,487.31 मिति 2078/3/25 मा भूक्तानी दिएको छ । उक्त कार्यको म्याद थप नभएको र कार्य सम्पन्न पनि नभएको हुँदा 2078/2/26 देखि 2078 असार मसान्तसम्मको दैनिक 0.05 प्रतिशतले हुने पूर्व निर्धारित क्षतिपुर्ति रु.८०१०५ असुल गर्नुपर्ने देखिएको रु.

६५

**कार्य सम्पन्न प्रतिवेदन पेश नभएको** — ७,६४४,०००

सार्वजनिक खरिद नियमावली, 2064 को नियम 125(2) बमोजिम कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य सीकृत ड्रइङ्ग, डिजाइन वा स्पसिफिकेशन बमोजिम भए नभएको प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । पालिकाले निम्न विद्यालय कक्षा कोठा निर्माण बापत निकासा दिएको रकम कार्य सम्पन्न प्रतिवेदन बेगर भुक्तानी भएकोले अनुगमन गरी कार्य सम्पन्न भएको प्रमाण पेश हुनुपर्ने रु.

| **भौ.न/मिति** | **विद्यालयको नाम** | **निकासा रकम** | **कैफियत** |
|---|---|---|---|
| 36/2078/3/25 | कालिका उद्योग आधारभुत विद्यालय | 1500000 | रेट्रोफिटिङ्गको कार्य |
| 37/2078/3/0/25 | पद्म पव्लिक मुक्तिनारायण उच्च माध्यमिक विद्यालय | 6144000 | माडल स्कुल निर्माण |
| **जम्मा** | | **7644000** | |

६६

**गुणस्तर नियन्त्रण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा सार्वजनिक निर्माण कार्य स्वीकार गर्दा प्राविधिक स्पेसिफिकेशन अनुरुपको गुणस्तर कायम रहेको हुनुपर्ने व्यवस्था छ ।निर्माण कार्यको प्राविधिक स्पेसिफिकेशनमा गुणस्तर आस्वस्तता योजना पेश गर्ने र सोही योजनाको कार्यान्वियन हुनु पर्ने उल्लेख छ । कार्यालयले यो वर्ष विभिन्न भवन तथा

| | | | | |
|---|---|---|---|---|
| | | | अन्य संरचना निर्माणमा प्रयोग भएका डण्डी, गिट्टी, वालुवा, ईटा, सिमेण्ट लगायतका निर्माण सामाग्रीहरु र निर्माण गरिएको संरचनाहरुको गुणस्तर परीक्षण गरेको देखिएन । प्राविधिक स्पेसिफिकेशन अनुसार सबै निर्माण सामाग्रीहरुको गगुणस्तर परीक्षण गरी गुणस्तर प्रति आश्वस्त हुनुपर्दछ । | |
| ६७ | | | **वितरण भर्पाई**<br>नगरसभाबाट प्रत्येक वडाहरुला्इ चालु खर्चका लागि बार्षिक बजेट विनियोजन गरिएकोमा वडाहरुले सो रकम खाजा, खाना, इन्धन, सवारी मर्मत, संचार, विभिन्न जिन्सी सामाग्रीहरु खरिद, वडाको निर्णयबाट विभिन्न क्लबहरुला्इ खेलकुद सामाग्री वितरण, वडा स्तरीय निर्णयबाट विभिन्न व्यक्तिहरुला्इ छात्रवृत्ति तथा आर्थिक सहयोग वितरण गर्नेगरेको र वडाले खरिद गरेका जिन्सी सामानहरु नगरपालिकाको जिन्सीमा नदेखिने र विभिन्न स्थानहरुमा कार्यलयको काम भनि भ्रमण स्वीकृत गरा्इ भ्रमण खर्च गर्ने गरेको पाइयो । वडाबाट हुने यस्ता खर्चहरु नियन्त्रण गरि आर्थिक मितव्ययिता कायम गर्नुपर्दछ । | |
| ६८ | | | **सवारी मर्मत**<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भए सोको लिखित जानकारी त्यस्तो मालसामान उपयोगकर्ताले सो निकायको प्रमुखला्इ दिनुपर्ने र त्यसरी जानकारी प्राप्त भएपछि निजले नियम १३ को उपनियम ५ बमोजिम लागत अनुमान तयार गराई स्वीकृत गर्नुपर्ने व्यवस्था छ । उपनियम ३ मा सार्वजनिक निकायले उपकरण वा पाटपूर्जा खरिद गरेकोमा सार्वजनिक निकायले त्यस्तो मालसामान वा उपकरण जिन्सी दाखिला गराई प्रति एका्इ मूल्य पाँच हजार रुपैँया भन्दा बढी पर्ने उपकरण वा पार्टपुर्जाको अभिलेख राख्नु पर्ने र त्यस्ता पार्टपुर्जा पुराना उपकरण वा पार्टपूर्जाको लागि प्रतिस्थापन गरिकोमा सम्बन्धित प्राविधिकबाट प्रमाणित गरा्इ पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकामा वस ३, मोटर साइकल 18, जिप २, एम्बुलेन्स १, ब्याकहोलोडर १, ट्याक्टर २, ट्रिपर १ र दमकल १ गरी कुल 29 वटा सबारी साधन रहेकोमा ब्याकहो लोडर बाहेक अन्य सञ्चालनमा रहेको विवरण पेश गरेको छ । उक्त सवारी मर्मतको लागि लागत अनुमान र प्राविधिक स्फेशिफिकेशन विपरीत यस वर्ष रु.39 लाख 76 हजार खर्च लेखेको छ । ज मध्ये मोटर साइकल मर्मतमा अश्वभाविक खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । यसका केही उदाहरण निम्न छन् । | |

| भौ.नं./मिति | मोटर साइकल नम्बर | रकम |
|---|---|---|
| 44/2077/7/28 | से १ वा 657 | 35450 |
| 51/2077/7/26 | से १ वा 349 | 49050 |
| 66/2077/7/27 | से १ वा 654 | 50960 |
| 106/2077/8/18 | से १ वा 4407 | 33200 |
| 270/2077/10/6 | से १ वा 349 | 49050 |
| 949/2078/3/30 | से १ वा 650 | 55000 |

६९

**अनुगमन भत्ता**

सुदूरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सुविधा समबन्धी ऐन, २०७५ को दफा १२ मा स्थानीय तहका पदाधिकारीले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने उल्लेख छ। पालिकाले निम्न समयमा योजना अनुगमन भत्ता खर्च लेखको छ । ऐनमा उल्लेखित बाहेकको सुविधा बापतको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु. १३,०००

| भौ.न/मिति | पदाधिकारीको नाम | भ्रमण गरेको स्थान | भ्रमण उदेश्य | भ्रमण अवधि | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| 908/2078/3/27 | नगर उप प्रमुख शिवराज खड्का | १ देखि ९ वडा | नखुलेको | 7/19-7/25<br>3/18-3/24<br>6/21-3/29 | 10000<br>10000<br>10000 |
| 937/2078/3/29 | सव ई.कर्ण वहादुर मलामी | 5,7 र ८ | अनुगमन | 2/26-2/29 | 3900 |
| | ई.डम्बर जोशी | 5,7 र ८ | नदिजन्य पदार्थ उत्खन्न | 2/26-2/29 | 5200 |
| 594/1/21 | सव ई.सुवास कुमार साउद | १ देखि ९ | नखुलेको | 12/22-12/25 | 3900 |
| | **जम्मा** | | | | **13000** |



https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| ७० | | | **थप सुविधा**<br>निजामती सेवा ऐन, 2049 मा स्थायी नियुक्ति लिई हाजिर भएको दिनदेखि तोकिए अनुसारको तलव भत्ता लगायत अन्य सुविधा पाउने व्यवस्था छ । नगर कार्यपालिकाको निर्णयले निमित्त प्रमुख प्रसासकिय अधिकृत श्री खेमराज गुरुङ्गलाई थप कार्य गरे बापत अतिरिक्त भत्ता रु.96000 भुक्तानी गरेको छ । निजलाई जिल्ला समन्वय समितिको कार्यालयबाट तलव भत्ता भुक्तानी गरेको जानकारी प्राप्त भयो । पालिकाले थप सुविधा उपलब्ध गराउँदा कानुनमा व्यवस्था गरि भुक्तानी गर्नुपर्दछ । | |
| ७१ | | | **आन्तरिक भ्रमण (नगरपालिकाको विभिन्न वडामा)**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले अनुसुचि २ बमोजिमको दरमा दैनिक भत्ता पाउनेछ भनि उल्लेख छ । पालिकाले विभिन्न मितिमा वडाका कर्मचारीलाई नगरकार्यपालिकाको कार्यालयमा आउँदा जाँदा र कार्यपालिकाका कर्मचरीलाई वडामा विभिन्न कार्य गर्न जाँदा र आउँदा भ्रमण खर्च लेखेको पाइयो । नगरपालिकाको केन्द्रबाट कतिपय वडाहरुको दुरी कार्यपालिकाबाट २० कि.मि. भन्दा बढि भएको भनि नगरपालिका भित्रै एक वडाबाट अर्को वडामा र वडाबाट नगरपालिकाको केन्द्रमा भ्रमण गरेको देखिन्छ । स्थानीय तहको केन्द्र दुरी प्रमाणित गर्ने सम्बन्धमा स्पष्ट व्यवस्था नभएका कारण यस्तो समस्या देखिन आएकाले स्थानीय तहको केन्द्रबाट विभिन्न वडाको दुरी प्रमाणित गरी भ्रमण खर्च लेख्नुपर्ने देखिन्छ । | |
| ७२ | | | **भ्रमण खर्च**<br><br>सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छनः<br><br>· अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br><br>· नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br><br>· भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्बेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |

<table>
<tr><td>७३</td><td></td><td></td><td>सूचना प्रकाशन<br>सरकारी स्वामित्वमा रहेको गोरखापत्र संस्थानको मिति 2076/4/30 को निर्णय अनुसार विभिन्न मितिमा सरकारी निकायबाट प्राप्त हुने विज्ञापनमा २५ प्रतिशत छुट दिने व्यवस्था गरेको छ । पालिकाले निम्न सूचना अल मिडिया सोलुसन प्रा.ली मार्फत प्रकाशन गर्दा सो बमोजिमको छुट नलिई सुचना प्रकाशन गर्दा छुट नलिएकोले पालिकालाई वढी व्ययभार पारेको रु.
<table>
<tr><th>भौ.न./मिति</th><th>विज्ञापनको साइज</th><th>भुक्तानी रकम</th><th>वढी व्यभार पारेको रकम</th></tr>
<tr><td>316/077/10/12</td><td>6*17</td><td>161364</td><td>40341</td></tr>
<tr><td>376/078/3/25</td><td>5*16</td><td>126560</td><td>31640</td></tr>
<tr><td>184/12/5</td><td>4*15</td><td>84000</td><td>21000</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>92981</td></tr>
</table>
</td><td>९२,९८१</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>थप दस्तुर<br>705/078/3/4 विद्युत प्राधिकरणलाई समयमै विद्युत महसुल भुक्तानी गरेमा रिवेट (छुट) हुने व्यवस्था छ । कार्यालयले समयमा विद्युत महसुल भुक्तानी नगरी विद्युत महसुल वापत रु.1,74,232 मा थप दस्तुर रु.43,708 समेत भुक्तानी भएकोले थप दस्तुर भुक्तानी नियम संगत नदेखिएको रु.</td><td>४३,७०८</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>समाजिक सुरक्षा<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन र्यविधि 2075 दफा 16 (घ) बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइ सकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा मात्र रकम वितरण गर्नु पर्दछ । पालिकालाई सामाजिक सुरक्षामा संघीय सरकारबाट रु.11,05,68,000 प्राप्त भएकोमा रु.10,80,68,346 बैंकिङ प्रणालिबाट वितरण भै रु.24,99,654 निकासा नलिएको देखिन्छ । राष्ट्रिय वाणिज्य बैंक दिपायलबाट बढि रकम राजस्व शिर्षक नं.15,112 कोष तथा लेखानियन्त्रक कार्यालयमा रु.44,24,171 र डोटी शाखाबाट रु.19,25,427.07 मिति 2078/5/27 मा बैंकले फिर्ता पठाएको छ । बैंकमा वढि कति गएको कार्यालयमा रेकर्ड नभएकोले उक्त रकम एकिन गर्ने अवश्थानै नरहेकोले कार्यालयले छानविन गरी रेकर्ड चुत राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ मा भएको व्यवस्था अनुसार लाभग्राहीको मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त एक</td><td></td></tr>
</table>

आर्थिक वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्नेमा नगरपालिकाले त्यस्ता निष्कृय खाता, दोहोरो नामावली तथा मृतकको नामवलीलाई समयमै लगत कट्टी गर्ने गरेको पाइएन । लगत कट्टाको केही उदाहरण निम्न छ ।

| मृत्यु भएको मिति | व्यक्ति | वडा | पोष्टिङ्ग |
|---|---|---|---|
| 2077/6/13 | दली कडायत | 8 | 2078/3/18 |
| 2077/7/29 | तुली देवी कडायत | 8 | 2078/2/20 |
| 2077/7/10 | ज्ञानु देवी कडायत | 8 | 2078/1/20 |

७७ **जिन्सी व्यवस्थापन**

पालिकाको लागि आवश्यक, वडा कार्यालयको लागि आवश्यक जिन्सी पालिकाको बजेट तथा संघीय र प्रदेश सरकारको शसर्त अनुदानको खर्च वापत जिन्सी सामान खरिद गरेको देखिन्छ ।

कार्यालयले पेश गरेको खर्चको फाटवारी अनुसार पालिका तथा वडा कार्यालयको लागि आबश्यक मसलन्द तथा कार्यालय सामाग्रीमा रु.39,40,054,मेशिनरी औजारमा रु.30,83,076 र फर्निचर फिक्सर्समा रु.20,15,648 गरी जम्मा रु.90,38,778 जिन्सी सामाग्री खरिद गरेको छ । जिन्सी सामाग्रीहरुको दाखिला गर्दा स्पेशिफिकेशन अनुसारको यथार्थ विवरण खुल्ने गरी जिन्सी खातामा दाखिला नगरेको साथै कार्यालयको प्रतिकृया अनुसार वडाको बजेटबाट खरिद गरीएका जिन्सी वडामानै दाखिला गरेको हुदा एकिकृत जिन्सी सम्पत्ती अभिलेख राखेको छैन । जिन्सी खाता प्रमाणित गरेको छैन । खर्च भएर जाने जिन्सीमा माग फारम अनुसार खर्च कट्टा नयसरी मौज्दात राखेको तर मौज्दात अनुसारको जिन्सी चालु आर्थिक वर्षमा मौज्दात नसारेको कारण जिन्सी सम्पत्ती आवश्यकता अनुसार खरिद भएकोमा विश्वस्थ हुन सकिएन । खरिद गरिएका जिन्सी सामाग्रीहरुको एकिन गरी नगरपालिकाको मुल जिन्सी खातामा दाखिला गर्नुपर्दछ ।

७८ **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु** २,४००

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याइका व्यहोरा निम्न छन् । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औलाएका देहाय अनुसारका बेरुजूहरु अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि फछ्र्यौट गरेको नपाइएको रू.

| भौ.न/मिति | विवरण | रकम |
|---|---|---|
| 57/2078/7/26 | नगरपालिकाका कर्मचारी श्री शंकर बोगटी र टेकराज भण्डारीले भ्रमण भत्ता विलमा यातायात खर्च भनि बढी भुक्तानी लिएकोले शंकर बोगटिबाट रु.800 र टेकराज भण्डारीबाट रु.400 गरी कुल जम्मा रु.1200 असुल हुनुपर्ने रु. | 1200 |
| 751/2078/3/16 | वडा नं. 9 का वडा सचिव श्री कालु सिं महतले रु.800 र कार्यालय सहयोगि श्री मान बहादुर साउदले रु.400 यातायात खर्च वढी भुक्तानी लिएकोले उक्त रकम असुल हुनुपर्ने रु. | 1200 |
| | **जम्मा** | **2400** |

७९

**पेश्की** १,०९५,१९७

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम 47 मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले २१ दिन भित्र फछ्र्योट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्योट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ । पेश्की बाकीको विवरण (म.ले.प.फा.नं.211) अनुसार पेश्की बाकी देखिएको पेश्की फर्छ्यौट हुनु पर्ने रु.

| भौ.नं/मिति | पेश्की लिनेको नाम | योजनाको नाम | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|---|
| 51/2077/8/30 | जे.आर कन्सट्रक्सन | काडिगाँउ सडकनिर्माण योजना | | 250000 |
| 229/2078/1/14 | उन्नती निर्माण सेवा | थला पार्क निर्माण | | 92975 |
| 334/2078/3/24 (**मोबिलाइजेसन पेश्की**) | देबभुमी कन्स्ट्रक्सन तथा क्वालीटी सप्लायर्स | दुधेश्वर कोट भैरव झोलुङ्गे पुल निर्माण | 850000 | |
| 2078/3/29 | अग्री इन्कर्पोरेट प्रा.ली | सवारी साधन खरिद | 1095197 | |
| | **जम्मा** | | **1945197** | **342975** |

८०

**कोभिड १९ तर्फ**

कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७8 असार मसान्तसम्मको प्राप्त रकम र खर्च सम्बन्धी बिबरण अनुसार कार्यालयले रू.1,36,74,531 आम्दनी भएको विवरण पेश गरेको छ भने असार मसान्त सम्ममा रू. 97,12,493 खर्च भएको देखाएको छ । असार मसान्त सम्ममा खर्च नभइ रू. ३९,६२,०३८ बाँकी रहेको देखिन्छ । कार्यालयले देहाय अनुसार आम्दानी र खर्चको विवरण पेश गरेको छ ।

| **बजेट/आम्दानीको स्रोत** | **२०७८ असार मसान्तसम्म प्राप्त रकम** | **खर्च शीर्षक** | **२०७८ असार मसान्तसम्म खर्च रकम** |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | ०.० | राहात वितरण | ०.० |
| प्रदेश सञ्चित कोषबाट | ०.० | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | ६५८६५०५। |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | १३६७४५३१ | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | ११८७८१५ |
| संघीय कोभिड कोषबाट | ०.० | जनशक्ति परिचालन | २२१८०० |
| प्रदेश कोभिड कोषबाट | ०.० | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | ९३३२१९ |
| अन्य स्रोतबाट प्राप्त | ०.० | स्वास्थ्य पूर्वाधार निर्माण | ४८३१५३ |
| | | अन्य शीर्षकमा भएको खर्च | ३००००० |
| | | बाँकी | ३९६२०३८ |
| जम्मा | **१३६७४५३१** | जम्मा | **१३६७४५३१** |

८१ अनुगमत तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट आर्थिक वर्ष 2076/077को निम्नानुसार बेरुजू फछ्र्यौट गरी संपरीक्षणको लागि पेश गरिएकोमा संपरीक्षण भएकोले पालिकालेनै लगत कट्टा गरीबेरुजु अद्यावधिक गर्नुहुनेछ ।

| दफा | बेरुजुको छोटकरी विवरण | फर्छ्यौटको व्यहोरा | रकम |
|---|---|---|---|
| 42 | बक्यौता राजस्व | राजस्व करम बैंकमा दाखिला भएको प्रमाण पेश भएको | 269000 |
| 54 | नन्नफाइलर | प्रमाण पेश भएको । | 18200 |
| 110 | बाख्रा वितरणको नक्कली फोटो राखि भुक्तानी | छानविन समितिको प्रतिवेदन पेश भएको । | 49240 |
| 69 | शिक्षा निकासाको अनुगमन प्रतिवेदन पेश हुनु पर्ने | प्रमाण पेश भएको । | 3900000 |
| 122 | पेश्की फछ्यौंट | प्रमाण पेश भएको । | 548758.64 |
| 81 | पोषण कार्यक्रमको प्रमाण पेश हुनु पर्ने | प्रमाण पेश भएको । | 150800 |
| 108 | झोला वितरणको भरपाई पेश हुनुपर्ने | वितरणको भरपाई पेश भएको । | 27720 |
| 105 | भ्रमण खर्च वढी भुक्तानी | राजश्व खातामा दाखिला भएको प्रमाण पेश | 5900 |
| 109 | कार्य स्विकार प्रतिवेदन पेश गर्नुपर्ने | प्रमाण पेश भएको । | 196134 |
| 82 | तलव भत्ता वढी भुक्तानी | राजश्व खातामा दाखिला भएको प्रमाण पेश | 208123 |
| 83 | तलव भत्ता वढी भुक्तानी | राजश्व खातामा दाखिला भएको प्रमाण पेश | 98294 |
| 88 | सोझै सेवा करार | कार्यपालिकाको निर्णय पेश भएको । | 1896000 |
|  | **जम्मा** |  | **7368169.64** |

**अनुगमन**

| | | | | |
|---|---|---|---|---|
| | | | गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ । | |